पान नं. २०१२५११९३
कार्यालय कोड:- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कृषि शाखा
निजगढमा, बारा

मो. ९८६५१८०६३४

मधेश प्रदेश, नेपाल

पत्र संख्या :२०८२/८३

मिति:-२०८२/१२/२६
ने.सं.११४६,चौलागा

## सूचना। सूचना।। सूचना।।।

विषय:-उखु उत्पादक कृषक दर्ता गर्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा श्री कृषि ज्ञान केन्द्र,कलैया बाराको प.सं.२०८२/८३, च.नं.३३९, मिति:-२०८२/१२/२५ गतेको पत्रानुसार नेपाल सरकारको स्वीकृत "उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि,२०७५(संसोधन सहित)" को विधि नं.४(क) बमोजिम उखु उत्पादक कृषक दर्ता हुनुपर्ने प्रावधान रहेकोले आ.व.२०८३/८४ मा यस परवानीपुर गाउँपालिका मा उखु उत्पादन गरी चिनी मिलमा विक्री गर्ने कृषकहरु १५(पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित आ-आफ्नो वडा कार्यालयमा गई दर्ता गराउन जानकारी गराईन्छ।

आवश्यक कागजात:

१.उखु उत्पादक कृषकको पहिचान खुल्ने प्रमाणपत्रको प्रतिलिपी,
२.उखु उत्पादक कृषकले उखु खेती गरेको जग्गाको क्षेत्रफल र कित्ता नं.खुलेको कागजात वा जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी,
३.खण्ड २ अनुसार प्राप्त गर्न नसकेको खण्डमा जग्गा करारमा लिई उखु खेती गरेका कृषकको हकमा उखु खेती जग्गाको क्षेत्रफल र कित्ता नं.खुलेको करार सम्झौताको प्रमाणपत्र प्रतिलिपी,
४.खण्ड २ र ३ बमोजिम कागजात प्राप्त गर्न नसकेको खण्डमा सम्वन्धित कृषकले उखु खेती गरेको जग्गाको क्षेत्रफल,जग्गाको कित्ता नम्बर वा चारकिल्ला खुलाई सोको प्रतिलिपी,
५.उखु उत्पादक कृषकको बैंक खाता बा खाता नम्बर खुल्ने कागजातको प्रतिलिपी।

२०८२/१२/२६
.............................
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत